7 April 2008

# Secretary-General
SG/SM/11499

United Nations

Department of Public Information • News and Media Division • New York

## नेपालमा संविधानसभाको निर्वाचनका लागि महासचिवको भिडियो सन्देश

७ अप्रिल २००८ (२०६४ चैत २५)

नेपाली जनताका लागि यो संविधानसभाको निर्वाचन ऐतिहासिक कोसे ढुङ्गा हो। तपाईंहरूले निकै लामो समयदेखि र ठूलो धैर्य गरेर यस दिनको प्रतीक्षा गर्नुभएको छ। मतदानको काम स्वतन्त्र र निष्पक्ष वातावरणमा हुन्छ भन्ने मलाई ठूलो आशा छ।

नेपालका राजनीतिक नेताहरूले यस विन्दुसम्म आउनका लागि कठिन मेहनत गर्नुका साथै शान्ति प्रक्रियामा देखा परेका कयौं समस्याहरूको सफलतापूर्वक व्यवस्थापन गर्नुभएको छ। अब उहाँहरूका काँधमा हिंसा, धम्की वा छल-कपटको त्रासबाट मुक्त भएर मतदाताले गोप्य मतदानको लोकतान्त्रिक अधिकारको स्वतन्त्रतापूर्वक अभ्यास गर्न सक्ने कुरालाई सुनिश्चित गर्ने गम्भीर दायित्व छ। निर्वाचनको सफलता र जन-इच्छाको सम्मानमा धेरै कुराहरू निर्भर हुन्छन्।

यो निर्वाचन लोकतन्त्रलाई सशक्तिकरण गर्ने र मानवअधिकारका मूल्य र मान्यतालाई आत्मसात गर्ने अवसर मात्र नभई नेपालमा शान्ति प्रक्रियालाई अझै दरिलो बनाउँदै लाने मौका पनि हो। शान्ति प्रक्रियामा अन्तर्राष्ट्रिय जगतको निरन्तर सहयोग रहँदै आएको छ। हामी पनि चुनावी प्रक्रियालाई सयौं अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू मार्फत नजिकबाट नियाली रहेका छौं।

तर निर्वाचन नै यस प्रकृयाको अन्तिम गन्तव्य होइन, विशेषतः नयाँ नेपालका लागि नयाँ संविधान तयार नभएसम्म शान्ति प्रक्रिया निरन्तर चलि नै रहने छ।

दिगो शान्ति तथा विकास पाउनु नेपाली जनताको अधिकार हो। संयुक्त राष्ट्रसंघ सदैव तपाईंहरूको पक्षमा रहने छ र व्यक्तिगत रूपमा मेरो पनि हार्दिक संलग्नता रहने छ। तपाईंहरूको मुलुकमा आउनका लागि नेपाल सरकारले दिएको निमन्त्रणाबाट म सम्मानित भएको छु र नेपाली जनताको उत्साह, साहस र तागतका बलमा निर्मित यस

लोकतान्त्रिक प्रक्रियाका उपलब्धिको म स्वयम् उपस्थित भएर साक्षी हुने दिनको प्रतीक्षामा छु ।

धेरै धेरै धन्यवाद।

* *** *

For information media • not an official record